प्रयास गरेको छु । यी यादहरुलाई नेपालीहरुमा पनि राख्ने मेरो भावना रहेको हो र यस भावनालाई मूर्त रुप दिनमा सहयोगी बन्नु भएको छ । १८ वर्ष पछि आफ्नो जन्मभूमि आउँदा पोखरामा सनातन धर्म सेवा समिति कास्कीका अध्यक्ष रवीन्द्र माकाजूसँग भेंट भयो । हामी पोखरामा रहँदा ठूलो सद्भाव र स्नेह व्यक्त गर्नुभयो । श्री माकाजूले कर्मभूमिदेखि जन्मभूमिसम्म पुस्तकलाई नेपाली अनुवाद गरी यसलाई जनसमुदायमा पस्कने जमर्को गर्नु भएकोमा म हर्ष विभोर छु । श्री माकाजूलाई मुरी मुरी धन्यवाद नदिरहन सक्दिन । आफ्नो कृति थप एक भाषामा प्रकाशित भएकोमा र मेरा मीठा अनुभूतिहरु पाठकमा साटासाट गर्ने अवसर प्राप्त भएकोमा खुशीको अनुभव गर्दै सबैको भलो होस् भन्ने मंगल कामना गर्दछु । साथै यस कार्यबाट नेपाली समाजमा जैन धर्म र दर्शनका बारेमा धेरै कुराको प्रकाश हुनेछ भन्ने मैले आशा लिएको छु ।

**श्री मुनि मणिभद्र**
*संस्थापक*
**मानव-मिलन**

# शुभकामना

स्याङ्जा जिल्लाको आरुखर्क गाविसमा मध्यमवर्गिय ब्राह्मण परिवारमा जन्मेका श्री मणिभद्रजी महाराज उच्चशिक्षाका लागि भारत पुग्नु भयो । भारतमा गएर उच्च शिक्षा हासिल पनि गर्नु भयो । जैन धर्मका सन्त पनि बन्नु भयो । उहाँले जैनमतमा लागेर अहिंसा र अपरि ग्रह सिद्धान्त अपनाउनु भयो । बाँच र बाँच्न देउका पृष्ठपोषक मणिभद्रले मातृभूमिप्रति माया र स्नेहले नेपालको कुनाकाप्चा खाली खुट्टा कयौं हजार किलोमिटर यात्रा गर्नु भएको छ । १८ वर्षदेखि यात्रा गर्नु भएका सन्त मणिभद्रले हिन्दी भाषामा आत्मानुसंधान लगायत धेरै पुस्तक लेख्नु भएको छ । मणिभद्र मुनिले लेख्नु भएको यात्रा संस्मरण कृतिको फेवा प्रकाशन प्रा.लिका अध्यक्ष रवीन्द्र माकाजूले अनुवाद गर्नु भएको छ । मणिभद्रको जीवनी र वहाँले लिएको मार्ग र जैन धर्मका बारेमा नेपालीहरुले जान्ने मौका माकाजूले नेपालीमा अनुवाद गरी प्रकाशित गरेर ठूलो गुन लगाउनु भएको छ । सधै केही न केही रचनात्मक र सृजनात्मक काम गरिरहने रवीन्द्र माकाजूले मणिभद्र मुनिका कृति नेपालीमा अनुवाद गरी प्रकाशित गरेर लगाउनु भएको योगदान बिर्सन मिल्दैन । यसका लागि धन्यवाद ।

**पुण्य पौडेल**

*सम्पादक*

**पोखरापत्र** दैनिक



परम पूजनीय जैन सन्त मुनि श्री मणिभद्र सरल महाराज पोखरामा आयोजित
जन्माष्टमी शोभायात्रामा कार्यक्रममा बौद्ध लामाका साथ ।



जन्माष्टमी शोभायात्रा कार्यक्रममा सनातन धर्म सेवा समिति, कास्कीद्वारा प्रदान गरि
एको अभिनन्दन पत्र ग्रहण गर्नुहुँदै । साथमा ब्रह्मकुमार शैलेपराज बराल ।

वीतरागाय नमः

# कर्मभूमिदेखि जन्मभूमि सम्म



**– मुनि मणिभद्र 'सरल'**

**नेपाली अनुवादक** : रवीन्द्र माकाजू